# गत साता २ दशमलव ४५ प्रतिशत घट्यो नेप्से

अभियान संवाददाता

काठमाडौं

धितोपत्र दोस्रो बजारमा पछिल्लो समय छोटो समयमै नाफा बुक गर्ने प्रवृत्ति बढेको छ । यही प्रवृत्तिका कारण गत साता पनि धितोपत्र दोस्रो बजार घटेको छ ।

अघिल्लो साताको तुलनामा गत साता नेप्से परिसूचक २ दशमलव ४५ प्रतिशत अर्थात् ६७ दशमलव १७ अंक तल झरेको हो । अघिल्लो साताको अन्तिम कारोबार दिन २ हजार ७३६ दशमलव ४८ विन्दुमा रहेको नेप्से परिसूचक गत साताको अन्तिम कारोबार दिन २ हजार ६६९ दशमलव ३१ विन्दुमा झरेको हो ।

गत साता पाँच कारोबार दिन नै बजार घटेको छ । पहिलो कारोबार दिन २१ दशमलव ६३ अंक, दोस्रो दिन १० दशमलव १४ अंक, तेस्रो कारोबार दिन ७ दशमलव ६६ अंक, चौथो दिन १४ दशमलव ८८ अंक र पाँचौं दिन १२ दशमलव ८४ अंक बजार घटेको हो ।

बजारप्रति लगानीकर्ताको उत्साह लामो समय टिक्न नसक्दा नेप्से माथि जान नसकेको ब्रोकरहरू बताउँछन् । अल्पकालीन लगानीकर्ताले छोटो समयमै कमाउन सक्ने देखेपछि पछिल्लो समय दीर्घकालीन लगानीकर्ताको संख्या निकै कम रहेको अनुमान ब्रोकरहरूको छ ।

घटेको बजारमा गत साता कारोबार रकम २५ प्रतिशत र कारोबार कित्ता करीब ३३ प्रतिशत घटेको छ । अघिल्लो साताको चार कारोबार दिनमा ३५ अर्ब ९ करोड रुपैयाँभन्दा बढीको ७ करोड ६३ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साताको पाँच कारोबार दिनमा २६ अर्ब २९ करोड रुपैयाँभन्दा बढीको ५ करोड १३ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

अघिल्लो साताको तुलनामा गत साता कारोबार रकम ८ अर्ब ८० करोड रुपैयाँभन्दा बढीले र कारोबार कित्ता २ करोड ४९ लाखभन्दा बढीले घटेको हो ।

औसतमा गत साता कारोबार रकम ४० प्रतिशतभन्दा बढीले र कारोबार कित्ता ४६ दशमलव २० प्रतिशतभन्दा बढीले घटेको छ । अघिल्लो साता औसतमा ८ अर्ब ७७ करोड रुपैयाँभन्दा बढीको १ करोड ९० लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता ५ अर्ब २५ करोड रुपैयाँभन्दा बढीको १ करोड २ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो ।

**सातागत परिसूचकको तुलना**

| विवरण | गत साता | अघिल्लो साता | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| नेप्से परिसूचक (अंक) | २,६६९.३१ | २,७३६.४८ | -६७.१७ | -२.४५ |
| सेन्सेटिभ इन्डेक्स (अंक) | ४४७.७० | ४५९.०३ | -११.३३ | -२.४७ |
| कारोबार रकम (रू. हजारमा) | २६,२९६,८८६.६७ | ३५,०९८,१२६.९९ | -८,८०१,२४०.३२ | -२५.०८ |
| कारोबार कित्ता | ५१,३३१,३९३.०० | ७६,३२२,२४६.०० | -२४,९९०,८५३.०० | -३२.७४ |
| औसत कारोबार रकम (रू. हजारमा) | ५,२५९,३७७.३३ | ८,७७४,५३१.७५ | -३,५१५,१५४.४१ | -४०.०६ |
| औसत कारोबार कित्ता | १०,२६६,२७८.६० | १९,०८०,५६१.५० | -८,८१४,२८२.९० | -४६.२० |
| कुल बजार पूँजीकरण (रू. दश लाखमा) | ४,४३२,२७२.६२ | ४,५४३,८११.८८ | -१११,५३९.२६ | -२.४५ |

अघिल्लो साताको तुलनामा गत साता कुल बजार पूँजीकरण १ खर्ब ११ अर्ब ५३ करोड रुपैयाँले घटेको हो । अघिल्लो साताको अन्तिम कारोबार दिन ४५ खर्ब ४३ अर्ब ८१ करोड १८ लाख रुपैयाँ रहेको कुल बजार पूँजीकरण गत साताको अन्तिम कारोबार दिन ४४ खर्ब ३२ अर्ब २७ करोड २६ लाख रुपैयाँ कायम भएको हो ।

**व्यापार समूहको परिसूचक बढ्दा बाकी सबै समूहको घट्यो**

गत साताको कारोबारमा व्यापार समूहको परिसूचक मात्र बढेको छ । नेप्सेका अनुसार व्यापार समूहको परिसूचक अघिल्लो साताको अन्तिम कारोबार दिनको तुलनामा १ दशमलव ५७ प्रतिशत बढेको हो ।

**साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन**

| विवरण | गत साता | अघिल्लो साता | फरक प्रतिशत |
|---|---|---|---|
| व्यापार | ४,१६७.८४ | ४,१०३.४० | १.५७ |
| म्युचुअल फण्ड | १९.०५ | १९.२० | -०.७८ |
| उत्पादन तथा प्रशोधन | ७,२२५.६१ | ७,२८६.६३ | -०.८४ |
| होटल तथा पर्यटन | ६,५३९.६३ | ६,६११.५८ | -१.०९ |
| बैंकिङ्ग | १,३५९.५३ | १,३८९.९७ | -२.१९ |
| लघुवित्त | ४,९११.२० | ५,०२८.९१ | -२.३४ |
| लगानी | १०६.४९ | १०९.४० | -२.६६ |
| निर्जीवन बीमा | १२,४३०.७० | १२,७७१.६९ | -२.६७ |
| जलविद्युत् | ३,५४६.६१ | ३,६५७.५८ | -३.०३ |
| अन्य | २,३७१.५४ | २,४४६.१५ | -३.०५ |
| जीवन बीमा | १३,३१८.४५ | १३,८३८.२७ | -३.७६ |
| विकास बैंक | ५,६३२.८२ | ५,८५९.८२ | -३.८७ |
| वित्त | २,५५७.२२ | २,६६९.०० | -४.१९ |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

परिसूचक बढेको आधारमा व्यापार समूहबाहेक बाँकी सबै समूहका लगानीकर्ताले गत साता गुमाएको देखिन्छ । गत साता सर्वाधिक गुमाउनेमा वित्त समूहका लगानीकर्ता छन् । वित्त समूहको परिसूचक सर्वाधिक ४ दशमलव १९ प्रतिशत घटेको छ ।

## स्वाभिमान लघुवित्तको लाभांश प्रस्ताव

काठमाडौं (अस) । स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल ५ दशमलव २६ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ ।

कम्पनीले हाल कायम चुक्तापूँजी १४ करोड ६१ लाख ३८ हजार रुपैयाँको आधारमा ५ प्रतिशत बोनस शेयर र शून्य दशमलव २६ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव गरेको हो ।

चैत ७ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले नेपाल राष्ट्र बैंकको स्वीकृतिपछि कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपश्चात् लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

## नेरूडे मिर्मिरे लघुवित्तले लाभांश वितरण नगर्ने

काठमाडौं (अस) । नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडले यस वर्ष लाभांश वितरण नगर्ने भएको छ ।

चैत ७ गते बसेको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुनै पनि लाभांश वितरण नगर्ने निर्णय गरेको हो । सोही बैठकले गत वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू आगामी साधारणसभामा पेश गर्न नेपाल राष्ट्र बैंकसमक्ष स्वीकृतिका लागि पेश गर्ने निर्णय समेत गरेको छ ।

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका उत्पादन तथा प्रशोधन समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | एक्कर्ड फर्मास्यूटिकल्स लिमिटेड | ७०६,९०९ | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०७९ पुस ४ |
| २ | जगदम्बा स्टिल्स लिमिटेड | २०,०७०,००० | ३०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० असोज १७ |
| ३ | एसवाई प्यानल नेपाल लिमिटेड | ५,२३२,५४८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज १९ |
| ४ | शौर्य सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | १५,९८१,५०० | २६४.५१ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस १२ |
| ५ | मारूती सिमेन्ट्स लिमिटेड | ११,६००,००० | ३७७ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २६ |
| ६ | स्मार्ट डोर्स लिमिटेड | ३०६,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ वैशाख ३ |
| ७ | पाल्पा सिमेन्ट इण्डष्ट्रिज लिमिटेड | ७,५००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ वैशाख २३ |
| ८ | लक्ष्मी टेक्नो प्लाष्ट लिमिटेड | १,०००,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ जेठ २१ |
| ९ | श्री डिष्टिलरी लिमिटेड | ९६०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ असार १ |
| १० | सोपन फर्मास्यूटिकल्स लिमिटेड | १,१००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ असार ३० |
| ११ | भुगर्भ सिमेन्ट लिमिटेड | १,२६२,५०० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ भदौ १३ |
| १२ | रिद्धिसिद्धि सिमेन्ट लिमिटेड | १२,१७१,५०० | २१४.१० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ असोज १८ |
| १३ | सागर डिष्टिलरी लिमिटेड | ७९२,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ असोज २१ |
| १४ | अम्बे स्टिल्स लिमिटेड | ११,१९२,७२७ | ३०३ | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ७ |
| १५ | एभरेष्ट कलर लिमिटेड | ७८०,००० | ५० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २८ |

**नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका लघुवित्त समूहका कम्पनीहरू**

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. | ८०,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लि. | २०८० माघ २४ |

**Tender Notice for Office Premise on Lease**

National Insurance Company Limited invite applications from willing landlords for a suitable premise for official use.

**Location : Near Tripureshwor Area**

**Carpet Area : Minimum 800 sq.ft**

For format of tender application, guidelines, terms & condition and other details please visit our website **www.nicnepal.com.np**

Last date of submit the sealed bid is 28.03.2025

नेशनल इन्श्योरेन्स National Insurance Trusted Since 1906

**National Insurance Company Limited**
KKM Building, 2nd Floor, Tripureshwor, Kathmandu, P.O.Box 376,
Tel No. 5360366 ,5350710, 5366681,5354045,
Email: info@nicnepal.com.np, Website: www.nicnepal.com.np

**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८१ साल चैत महिना १० गते आइतबार)

यस विकास बैंकको शाखा कार्यालय धादिङबेसीबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) ऋणीको विवरण**

चेतनाथ सापकोटाको छोरी गमराज सिलवालको बुहारी बालकृष्ण सिलवालको पत्नी धादिङ्ग जिल्ला नलाङ वडा नं. ९ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **सिता सिलवाल** (ना.प्र.नं. : २६१/५४०८८ जारी मिति र जिल्ला : २०६८/१२/२१, धादिङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गुन्ज बहादुर खत्रीको छोरी जित बहादुर सिंखडाको बुहारी धन बहादुर सिंखडाको पत्नी धादिङ्ग जिल्ला आगिञ्चोक वडा नं. ७ हाल, निलकण्ठ न.पा. वडा नं. ३ बस्ने **लक्ष्मी सिंखडा** (ना.प्र.नं. : २६३०१३/३७६ जारी मिति र जिल्ला : २०६३/१०/१४, धादिङ्ग )

२) चेतनाथ सापकोटाको छोरी टिकादत्त लम्सालको बुहारी रामकृष्ण लम्सालको पत्नी बारा जिल्ला निजगढ वडा नं. १ बस्ने **शुशिला लम्साल** (ना.प्र.नं. : ३५१/०३५१ जारी मिति र जिल्ला : २०५५/१०/२१, बारा)

**२) ऋणीको विवरण**

तोप बहादुर मगरको छोरी कृष्ण बहादुर खानको बुहारी राजेन्द्र खानको पत्नी धादिङ्ग जिल्ला निलकण्ठ वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **चित्र कुमारी खान** (ना.प्र.नं. : २/७८२८ जारी मिति र जिल्ला : २०६१/०१/२०, धादिङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) दिप बहादुर खानको नाति कृष्ण बहादुर खानको छोरा धादिङ्ग जिल्ला निलकण्ठ वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **राजेन्द्र खान** (ना.प्र.नं. : २४९५२ जारी मिति र जिल्ला : २०५५/०१/२७, धादिङ्ग)

२) कृष्ण बहादुर खानको नातिनी राजेन्द्र खानको छोरी धादिङ्ग जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ हाल, बस्ने **सरला खाँण** (ना.प्र.नं. :२६-०१-७९-०१३४२ जारी मिति र जिल्ला : २०७९/०२/३१, धादिङ्ग)

**३) ऋणीको विवरण**

टेक बहादुर मिश्रको नाति गोविन्द मिश्रको छोरा चितवन जिल्ला पिठुवा वडा नं. २ हाल, रत्ननगर न.पा. वडा नं. १६ बस्ने **गुण राज मिश्र** (ना.प्र.नं. : ७६३९/०५३ जारी मिति र जिल्ला : २०५३/०२/१७, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लेक बहादुर घिमिरेको छोरी गोविन्द मिश्रको बुहारी गुणराज मिश्रको पत्नी चितवन जिल्ला पिठुवा वडा नं. २ हाल, रत्ननगर न.पा. वडा नं. १६ बस्ने **सुनिता मिश्र** (ना.प्र.नं. : ४८४२० जारी मिति र जिल्ला : २०६६/०६/१९, चितवन)

२) लाल बहादुर अर्यालको नातिनी धुव बहादुर अर्यालको छोरी धादिङ्ग जिल्ला ज्वालामुखी गा.पा. वडा नं. ६ बस्ने **कविता अर्याल** (ना.प्र.नं. :२६-०१-७२-००८३९ जारी मिति र जिल्ला : २०७२/०२/२७, धादिङ्ग)

**४) ऋणीको विवरण**

राम बहादुर गुरुङको छोरी सुर्यमान तामाङको बुहारी सन्त बहादुर तामाङको पत्नी धादिङ्ग जिल्ला नेत्रावती डबजोङ वडा नं. १ बस्ने **विनु तामाङ** (ना.प्र.नं. : २६-०१-७५-०१००० जारी मिति र जिल्ला : २०७५/०२/०३, धादिङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताको विवरण**

शेर बहादुर तामाङको नाति सुर्यमान तामाङको छोरा धादिङ्ग जिल्ला मार्पाक गा.वि.स. वडा नं. ४ हाल, नेत्रावती डबजोङ गा.पा. वडा नं. ६ बस्ने **सन्तबहादुर तामाङ** (ना.प्र.नं. : ५७९६ जारी मिति र जिल्ला : २०६२/१०/२५, धादिङ्ग)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**दक्षिणकाली नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, बागमती प्रदेश, नेपाल

**विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८१/१२/१०

यस दक्षिणकाली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय फर्पिङबाट मिति २०८१/१०/१५ गतेको राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको ई-बिडिङ पोर्टल [www.bolpatra.gov.np] मा प्रकाशित विद्युतीय बोलपत्रको ३० दिने सूचना बमोजिम रीतपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्रदाताहरुको मूल्याङ्कन समितिको प्रतिवेदन तथा सिफारिस अनुसार न्यूनतम मुल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृत गर्नको लागि मिति २०८१/१२/०५ गतेको निर्णयानुसार छनौट गरिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | सारभूत प्रभावग्राही फर्मको नाम | कबोल अंक (मू.अ.कर, PS & Contingencies बाहेक रू.) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | DM/NCB/WORKS/ 2081-082/07 | Basbari Park Nirman Dakshinkali-04 | Chanki Khola Nirman Sewa | 72,40,605.50 | |

– दक्षिणकाली नगरपालिका

**PRiME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय : सुन्धारा, काठमाण्डौं
फोन: ०१-५३६८०५६

**शाखा कार्यालय, सुन्धारा काठमाण्डौंको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको संस्थापक शेयर लिलाम विक्रि हुने सम्बन्धि ७ (सात) दिने अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०८१/१२/१० गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय सुन्धारा, काठमाण्डौंबाट लिनु भएको शेयर कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अन्यन्त जरुरी सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न पठाइने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शेयर धनीको नाम | शेयर धितोमा रहेको कम्पनीको नाम | शेयरको किसिम | शेयर कित्ता |
|---|---|---|---|---|
| १. | प्रकाश मान श्रेष्ठ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | संस्थापक समुह | ४८१४ |
| २. | मृत्युन्जय कुमार महासेठ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | संस्थापक समुह | ११७२९ |
| ३. | नगेन्द्र प्रसाद ढकाल | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | संस्थापक समुह | ७२७५ |

**नोट : शेयरको न्यूनतम अंकित मूल्य रु. १००/-(एक सय मात्र) रहेको ।**

**धितो लिलामी विक्रीका शर्तहरु:**

१. बोलपत्र आवेदन फारम मिति २०८१/१२/१० गते आइतबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सुन्धारा, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

२. एकै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले छुट्टाछुट्टै आवेदन भरि फरक फरक मुल्यमा आवेदन दिन पनि सकिनेछ । बोलपत्र पेश गर्दा शिलवन्दी खाम बाहिर धितोमा रहेको शेयर खरिद गर्ने शिलबन्दी बोलपत्र उल्लेख भएको हुनुपर्नेछ ।

३. शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम ५०० (पाँच सय) कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम सम्पूर्ण शेयरको लागि आवेदन दिन सकिनेछ । तर, शेयर खरिद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।

४. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको आंशिक वा पूरा शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेकोमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

५. संस्थापक समूहको शेयरमा बोलपत्र दिई लगानी गर्न चाहने लगानीकर्ताको हकमा बैंकको विद्यमान संस्थापकहरुले पूरा शेयर खरिदको लागि आवेदन नगरेमा मात्र नयाँ लगानीकर्ताहरुलाई दिईनेछ । संस्थापक समूहको शेयरमा लगानी गर्ने नयाँ लगानीकर्ताले बोलकबोल निवेदनसाथ नेपाल राष्ट्र बैंकले तोकेको अनुसूची ३ को विवरण, लगानी गर्ने रकमको श्रोत खुल्ने कागजात, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला निस्सा लगायत कालोसूचीमा नरहेको स्वघोषणा प्रमाण समेत संलग्न गर्नुपर्नेछ । लगानीकर्ता नेपाल राष्ट्र बैंकले तोकेको योग्यता परीक्षणमा (Fit & Proper Test) मा सफल हुनुपर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good For Payment Cheque वा Managers's Cheque संलग्न गर्नुपर्नेछ ।

७. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ । बोलपत्रदाता महुली लघुवित्त वितिय संस्था लिमिटेडको शेयरधनी भएमा DEMAT नम्बर, आफूसँग भएको उक्त शेयरको संख्या र शेयर प्रतिशत लगायत फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

८. शिलबन्दी बोलपत्र मिति २०८१/१२/१६ गते शनिबार सार्वजनिक बिदा परेकोले मिति २०८१/१२/१७ गते आइतबार कार्यालय समयभित्र यस बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाधि आएका वा रीत नपुगेका वा शर्त राखि आएका आवेदनहरु उपर कारबाही गरिने छैन ।

९. शिलबन्दी बोलपत्र मिति २०८१/१२/१८ गते सोमबार दिउँसो ४:०० बजे यस बैंकको केन्द्रिय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभागमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

१०. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको शेयर आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । शेयर नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने राजश्व, लाभकर, तथा अन्य सम्पूर्ण खर्च समेत सकार गारिलिने स्वयंले व्यहोर्नु पर्नेछ ।

११. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा १० प्रतिशत धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा वा केन्द्रिय कार्यालयबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै व्याज प्रदान गरिने छैन ।

१२. धितोमा रहेको शेयर विक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा शेयर बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१३. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय सुन्धारा, काठमाण्डौमा सम्पर्क राखी बुझ्न सकिनेछ ।